प्रदेश सरकार

वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय

प्रदेश नं. १, नेपाल

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, ताप्लेजुङ

## कार्यक्रम संचालनका लागि प्रस्तावना आव्हान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।१२।११)

यस कार्यालयको आ.व.२०७८।०७९ मा स्वीकृत **प्रदेश हरित अभियान कार्यक्रमको** चालु खर्च अन्तरगत **निजी वन उत्पादकत्व प्रवर्द्धन कार्यक्रम** गर्न निम्न मापदण्ड भएका इच्छुक निजी वन धनी, निजी जग्गा धनी, संघसंस्था तथा कृषक समूहहरूले मिति २०७८।१२।२५ गते भित्र यस कार्यालयबाट तोकिएको ढाँचामा प्रस्ताव तयार गरी शिलबन्दी रूपमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रीतपूर्वक नआएका तथा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौट प्रक्रियामा सामेल नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ साथै विस्तृत जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा कार्यालयको फोन नं. ०२४४६०११७ वा वेभ साईट www.dfotaplejung.p1.gov.np मा हेर्नु हुन अनुरोध छ ।

**तपसिलः**

| क्र. सं. | आयोजना/ क्रियाकलापको विवरण | इकाई | परिमाण | कुल स्वीकृत बजेट रकम रू. लाखमा | साझेदारी रकम | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | निजी वन सम्बर्द्धन कार्य (गोडमेल, एक्लाउने, पल्लाउने, हाँगाकाटछाट, आदी) | जिल्ला | १ | ८ | प्रस्तावकले कम्तिमा १० प्रतिशत रकम साझेदारी गर्नु पर्नेछ । साझेदार रकमको भारलाई प्रस्ताव मूल्याकंनको मूख्य आधार मानिनेछ । | निजी जग्गा धनी / संघ संस्था/ कृषक समूह/ कृषि फर्म/ कम्पनी / उद्यमिहरू | स्वीकृत कार्यविधिको अधिनमा रही आवश्यकता अनुसार दुई वा दुई भन्दा बढी प्रस्तावकहरूलाई अनुदान रकम उपलब्ध गराउन सकिनेछ । |
| २ | निजी वन संरक्षण ( घेराबेरा, रोग कीरा नियन्त्रण) | | | | | | |

**प्रस्तावका आवश्यक मापदण्डहरू**

निम्न मापदण्डहरू पुरा भएका निजी कृषक / संघ संस्थाहरूले मात्र प्रस्ताव भर्न योग्य हुनेछन ।

- ०.२ हेक्टर ( ४ रोपनी ) भन्दा ठुलो क्षेत्रफलमा वृक्षारोपण भएको प्लट हुनु पर्ने वा कृषि वन प्रणाली / इन्टरक्रोपिङ अन्तरगत कम्तिमा १०० वटा रूख भएको ।
- सम्भव भए सम्म बाटोको पहुँच भएको ।
- वृक्षारोपण गरिएको क्षेत्रमा बोटको औषत गोलाई २० से.मि. भन्दा कम हुनु पर्ने र प्रति हेक्टर ५००० पोल / लाथ्रा भएको हुनु पर्ने ।

पाना १

क्रमशः

प्रदेश सरकार
वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय
प्रदेश नं. १
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, ताप्लेजुङ

क) शिलबन्दी प्रस्ताव दाखिला गर्दा शिलबन्दी खाम भित्र निम्न बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछ ।

निजी जग्गा धनीको लागि :

- नेपाली नागरिकताको छायाँ प्रति
- जग्गाधनी प्रमाण पूर्जाको छायाँ प्रति / निजी वन दर्ताको प्रमाणपत्रको छायाँप्रति
- चा.लु.आ.व.२०७८/०७९ मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति
- जग्गाको नक्सा
- सम्बन्धित वडा कार्यालयको सफारीस
- रू. १० को हुलाक टिकट टाँस गरेको निवेदन
- कार्यक्रम संचालनको लागि तोकिएको ढाँचा बमोजिम प्रस्ताव
- निजी वन देखिने तस्वीर

संधसंस्था/ कृषक समूहहरू/ सहकारी संस्था/ वन समूह/ कृषि फर्म/ कम्पनी / उद्यमिहरूको लागिः

- समितिको निर्णय प्रतिलिपी
- PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति
- गत आ.व. २०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति
- कार्यक्रम कार्यान्वयन हुने स्थल (जग्गा) को स्वामित्व देखिने कागजात (जग्गाधनी प्रमाणपुर्जा ) को प्रतिलिपि
- चालु आ.व. २०७८।०७९ मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति
- जग्गा लिजमा लिएको भए १० वर्षे करारनामा वा सम्झौता पत्र
- प्रचलित कानून बमोजिम आधिकारीक निकायमा संघसंस्था / कृषक समूहहरू / कृषि फर्म/ कम्पनी दर्ता एवं नविकरण भएको प्रमाणपत्र
- गत आ.व. २०७७।०७८ को लेखा परीक्षण प्रतिवेदन
- लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र
- स्थानीय तहको सिफारीस
- निजी वन देखिने तस्वीर

ख) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार डिभिजनल वन कार्यालय, ताप्लेजुङमा निहित रहनेछ ।
ग) अन्य कुराको हकमा प्रचलित कानून ( ऐन, नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

पाना २

## डिभिजन वन कार्यालय,ताप्लेजुङको

### निजी वन उत्पादकत्व प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्तावको खाका

१. प्रस्तावकको नाम र ठेगानाः

२. संस्था दर्ता नं :

३. दर्ता भएको कार्यालयः

४. भ्याट / पान दर्ता नं.

५. संस्था स्थापना मितिः

६. उदेश्यहरूः

७. प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विवरण (चारकिल्ला, सो क्षेत्रको अवस्थिति झल्किने लोकेशन, हावापानी र माटोको अवस्था ) र विद्यमान भौतिक संरचना

८. अनुदान रकम आवश्यक पर्ने भनी सम्बन्धि समिति वा समूहको निर्णय ( संस्था/ फर्म/ समूहको हकमा मात्र):

९. प्रस्ताव पेश गर्न चाहेको क्रयाकलापको विवरणः

१०. प्रस्तावकले साझेदारी गर्ने बजेटः प्रस्तवा कार्यान्वयनका लागि चाहिने आवश्यक बजेट

क) प्रस्तावकबाट ब्यहोरिने प्रतिशत (कम्तिमा १० प्रतिशत )

ख) डि.व.का.बाट ब्यहोरिने प्रतिशत

११. कार्यक्रम सम्पन्न गरी प्रतिवेदन पेश गर्ने मिति २०७९।०३।१०

१२. कार्यक्रम संचालनमा प्रस्तावकको अनुभव

१३. निजी वन विस्तारका लागि गरेका पहल र व्यवसायिक रूपमा उत्पादनको अवस्था

१४. कार्यक्रमका लागि गरिने क्रियाकलापहरू, अनुमानित लागत र श्रोत

| सि.नं. | क्रियाकलापहरू | बजेट रू. | श्रोत | कार्यक्रम सम्पन्न हुने समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१५. कार्यक्रमको संचालन तथा व्यवस्थापन विधि सहितको कार्यक्रम

१६. कार्यक्रम संचालन तथा व्यवस्थापनमा अन्य निकायबाट सहयोग प्राप्त भएकोमा सोको विवरण

| सि.नं. | आ.व. | सहयोगी निकायको नाम / समूह आफै | कार्यको विवरण | सहयोग /खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१७. उत्पादित वस्तुको बजारको अवस्था

१८. कार्यक्रमबाट प्रतिफल प्राप्त गर्ने समय (कति वर्ष ?)

१९. कार्यक्रमको समग्र लागत-लाभको विश्लेषण सहितको व्यवसायिक योजना (Business Plan)

२०. अपेक्षित उपलब्धीहरूः

क) रोजगारी सृजना

ख) आम्दानी

ग) अन्य उपलब्धीहरू